# स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको विशेष साधारण सभामा भएका काम कारवाहीका विवरण तथा निर्णयहरु

**१. वैधानिक सभा :**

स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७६/०३/१५ गते बसेको संचालक समितिको १८९ औं वैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७४, वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली वमोजिंम संस्थाको विशेष साधारण सभा संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डे ज्यूको अध्यक्षतामा निम्न लिखित मिति, समय तथा स्थानमा निम्न विषयहरू उपर छलफल भई देहाय वमोजिंमको निर्णय गरी सम्पन्न भयो ।

**मिति :-** २०७६/०४/११ गते शनिवार (तदनुसार २७ जुलाई २०१९)

**समय :-** विहान १०:३० बजे

**स्थान :-** होटल जुगल, मिरावल चोक, धुलिखेल, काभ्रेपलाञ्चोक

**२. उपस्थिति**

**क) संचालकहरुको उपस्थिति :**

| क.स. | विद्यमान संचालकहरुको नाम | पद | प्रतिनिधित्व | ग्रहण गरेको शेयर कित्ता |
|---|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र प्रसाद पाण्डे | अध्यक्ष | संस्थापक समुह | |
| २ | श्री होम कान्त चौलागाई | संचालक | संस्थापक समुह | |
| ३ | श्री राम बाबु सिलवाल | संचालक | संस्थापक समुह | |
| ४ | श्री रामचन्द्र वन्जाडे | संचालक | सर्वसाधारण समुह | |
| ५ | श्री भूपति राज पाण्डे | संचालक | सर्वसाधारण समुह | |
| ६ | श्री गोकुल न्यौपाने | संचालक | सर्वसाधारण समुह | |
| | | | | |

**ख) अन्य पदाधिकारी एवं पर्यवेक्षकको उपस्थिति :**

| क.सं. | अन्य पदाधिकारी एवं पर्यवेक्षकको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री राम्जी रेग्मी | संचालक | नेपाल राष्ट्र बैंक |
| २ | श्री सुरेन्द्र राज वाग्ले | निमित्त नायव प्रवन्धक | नेपाल स्टक एक्सचेन्ज लिमिटेड |
| ३ | श्री उदय राज खतिवडा | पूर्व प्रमुख कार्यकारी अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ४ | श्री कमल प्रसाद नेपाल | प्रमुख व्यवसाय तथा संचालन अधिकृत | प्रतिनिधि, एनएमबी क्यापीटल लि., नागपोखरी |
| | | | |

ग) व्यवस्थापनका **पदाधिकारीहरुको उपस्थिति :**

| क्र.सं. | नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री मनोज कृष्ण उप्रेती | प्रमुख कार्यकारी अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| २ | श्री समिर राज जोशी | नायव कार्यकारी प्रमुख | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ३ | श्री गोपाल राज विष्ट | बरिष्ठ अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ४ | श्री मधुसुदन अधिकारी | बरिष्ठ अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ५ | श्री मधुसुदन पन्त | अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ६ | श्री सरोज पौडेल | सहायक अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ७ | श्री श्रीराम रोक्का | सहायक अधिकृत एवंम सदस्य सचिव | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |

३. **सभाको वैधानिकता :**

**क) सभाको वारेमा सार्वजनिक सुचना :**

कम्पनी ऐन २०६३ को दफा ६७(२) वमोजिंम सभा हुने मिति , स्थान, समय र छलफलको विषयको सुचना शेयरधनी महानुभावहरुको जानकारीको लागि यस वित्तीय संस्थाको नियमावलीको नियम १८(३) अनुसार मिति २०७६/०३/१७ गते अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिकमा प्रथम पटक र मिति २०७६/०३/१८ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा दोश्रो पटक प्रकाशित गरिएको थियो । मिति २०७६/०३/२३ गते सम्म कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका शेयरधनी महानुभावहरुलाई सभाको सुचना तथा प्रोक्सी फारमहरु यस संस्थाले सार्वजनीक गरी सकिएको ब्यहोरा कम्पनी सचिव श्री मनोज कृष्ण उप्रेतीबाट जानकारी गराइयो ।

**(ख) गणपुरक संख्या :**

यस साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा मिति २०७६ आषाढ २३ मा कायम शेयरधनीहरुहरुले लिएको शेयरको विवरण यस प्रकार रहेको छ ।

| क्र.सं. | शेयरधनी | शेयरधनी संख्या | शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरु | ९८ | १३७४५११.१४ | |
| २ | सर्वसाधारण शेयरधनीहरु | ३२१६ | १३२०६१०.९९ | |
| | जम्मा | ३,२१८ | २६९५१२२.१३ | |

कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिंम आवश्यक गणपुरक संख्या (कम्पनीको शेयरधनीहरु स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरुले धारण गरेको साधारण शेयरहरुको

संख्या) देहाय बमोजिम रहेको व्यहोरा कम्पनी सचिव श्री मनोज कृष्ण उप्रेतीबाट अवगत भयो । उपस्थित शेयरधनीहरुले उपरोक्त व्यहोरा जानकारी लिंदै सभा कानुन बमोजिम बोलाईएको हुंदा पूर्वसुचित प्रस्तावहरुमा छलफल गर्न मन्जुर गर्नुभयो ।

| बिक्री भएको कुल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | संस्थापक समूह उपस्थित संख्या | सर्वसाधारण समूह उपस्थित संख्या | जम्मा कित्ता | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|---|
| २६९५१२२.१३ | १३७४५११.१४ | १३२०६१०.९९ | ७९ | ९६ | १६,०३,६८३ | ५९.५० |

४. **सभामा प्रस्तुत छलफलका विषयहरू :**

शेयरधनीहरुको जानकारीका लागि कम्पनीले प्रकाशन गरेको सूचना र कम्पनीले शेयरधनीहरुलाई वितरण गरेको आफ्नो रिपोर्टमा उल्लेख गरिए वमोजिम यस विशेष साधारण सभामा देहाय अनुसारका छलफलका प्रस्तावहरु रहेका थिए ।

१) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्र प्राप्त कुनै एक वा एक भन्दा वढी उपयुक्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने ( Merger) वा प्राप्ती ( Acquisition) गर्ने, समझदारी पत्र ( Memorendum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, संम्पत्ती तथा दायित्वको मुल्यांकन प्रतिवेदन ( Due Diligence Audit Report) तयार गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखापरिक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने एवंम प्राप्तीसंग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपनाउनु पर्ने तथा गर्नुपर्ने संम्पुर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृती लिने, अन्तिम स्वीकृती पश्चात सोको कार्यान्वयन गर्ने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे वमोजिमका विवरणहरु उपलब्ध गराउने कार्य अगाडि वढाउन संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने संम्बन्धमा ।
२) गाभ्ने गाभिने वा प्राप्ती पछि हुन आउने चुक्ता पूंजीमा शत प्रतिशत (१:१) अनुपातमा हकप्रद शेयर जारी गर्ने संम्बन्धमा ।
३) वित्तीय संस्थाको अधिकृत, जारी तथा चुक्ता पूंजी वृद्धि गर्ने संम्बन्धमा ।
४) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन, परिमार्जन, फेरबदल गर्न सुझाव तथा निर्देशन प्राप्त भएमा सो अनुरुप गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्बन्धमा ।
५) विविध ।

५. **सभाको वैधानिकता, अध्यक्षता तथा उद्घाटन**

५.१ स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम नं. २३ अनुसार र कम्पनी ऐन २०६३ को दफा ७३ को उपदफा २ अनुसार साधारण सभाको गणपूरक संख्या वांडफांड भएको कुल

शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम लघुवित्त वित्तीय संस्थाको विशेष साधारण सभामा राखिएको शेयरधनीको हाजिरी जनाउने शेयरधनीहरुको संख्या १७५ भएको र कूल १६,०३,६८३ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयर संख्याको ५९.५० प्रतिशत प्रतिनिधित्व भई साधारण सभाको गणपूरक संख्या पुगेको जानकारी कम्पनी सचिवले दिनु भयो । साथै प्रचलित कम्पनी कानुन अनुसार तथा संस्थाको नियमावली अनुसार सभा वैधानिक भएकोले रीतपुर्वक साधारण सभाको काम कारवाही अगाडि बढाउन सकिने ब्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

५.२) कम्पनी ऐन २०६३ को दफा ७४(१) तथा स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम नं. १९(१) अनुसार सभाको अध्यक्षता संचालक समितिका अध्यक्षज्यूले गर्ने व्यवस्था रहेको कम्पनी सचिवले जानकारी गराए पछि बिहान १०:३० बजे संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यूको अध्यक्षतामा अन्य ५जना संचालकज्यूहरुको उपस्थितिमा विशेष साधारण सभा शुरु भयो ।

५.३) सभामा अध्यक्षज्यू तथा संचालकज्यूहरु तथा अन्य अतिथिज्यूहरुको आसन ग्रहण समाप्त भए पश्चात सभाको उद्घाटन सभाका अध्यक्ष तथा यस संस्थाका संचालक समितिका अध्यक्षज्यूले पानसमा दिप प्रज्वलन गरी सभाको उदघाटन गर्नु भयो ।

५.४) सभामा संचालक समितिका सदस्य श्री रामचन्द्र बन्जाडे ज्यूले संम्पुर्ण शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै स्वागत मन्तब्य राख्नु भयो ।

**६. विशेष साधारण सभामा अध्यक्षज्यूको मन्तब्य प्रस्तुत :**

विशेष साधारण सभामा अध्यक्षज्यूले संचालक समितिका तर्फबाट मन्तब्य प्रस्तुत गर्ने क्रममा सम्पुर्ण उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै संचालक समितिको तर्फबाट यस विशेष साधारण राख्नुको उद्धेश्य , गाभ्ने गाभिने वा प्राप्तीमा जांदा ध्यान पुर्‍याउन खोजिएका विषयवस्तुहरु, गाभ्ने गाभिने वा प्राप्ती पछि देखिन सक्ने चुनौतीहरुको विषयमा तथा आर्थिक वर्ष २०७५/७६ सम्मको अपरिस्कृत प्रगति विवरणहरु प्रस्तुत गर्नु भएको थियो । यस क्रममा आ.व. २०७६/७७ को भावी योजना तथा अन्य कार्यक्रमहरुका वारेमा समेत संक्षेपमा प्रकाश पार्नु भयो ।

**७. अध्यक्षज्यूको मन्तब्य उपर छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु**

**७.१** शेयरधनी श्री **उद्धव प्रसाद घिमिरेज्यूले** मन्तब्य राख्दै प्रतिफल राम्रो दिन सक्ने देखिएको छ भन्नुभयो । त्यसको लागि संचालक , कर्मचारी सबैलाई धन्यवाद दिनु भयो । एक दशकको प्रगति ठिक छ । एनएफआरएस को फरम्याटमा रिपोर्ट तयार गर्दा राम्रो हुन्छ भन्ने सुझाव दिनु भयो । संस्थाले गाभ्ने गाभिने वा प्राप्तीको निर्णय गर्दा विचार पुर्‍याउन सल्लाह दिदैं लघुवित्तका राम्रा अभ्यासहरुलाई अगालेर अगाडि बढ्नु पर्छ भन्ने सल्लाह दिदैं यस वित्तीय संस्थाले आगामी दिनमा अझ राम्रो गर्न सकोस भन्ने शुभकामना दिनु भयो ।

७.२ शेयरधनी **श्री डमरु वल्लभ घिमिरेज्यूले** आफ्नो मन्तव्य राख्दै सबैलाई धन्यवाद दिदैं यस संस्थाको प्रगति सन्तोषजनक रहेको वताउनु भयो । त्यसै गरी यस संस्थाले राखेको गाभ्ने गाभिने र प्राप्ती संम्बन्धि प्रस्तावमा आफ्नो पहिचान नगुमाउन सल्लाह दिनु भयो । त्यसै गरी हकप्रद शेयरमा शंका रहेको भन्दै लगानीकर्तालाई नभुक्याउन सुभाव दिनुभयो अन्य कुराहरु सन्तोषजनक देखिएकोले सम्पुर्ण संचालक तथा कर्मचारीहरुलाई धन्यवाद दिनुभयो ।

७.३ शेयरधनी श्री **शिव प्रसाद पौडेलज्यूले** मन्तव्य राख्दै प्रतिफल स्वागत योग्य रहेको, सामाजिक उत्तरदायित्व अन्तर्गत पारदर्शी निति बनाएर अघि बढ्नुहोला तथा शिक्षा, स्वास्थ्य खेलकुद जस्ता क्षेत्रलाई पनि प्राथमिकतामा राख्न सुभाव दिनु भयो ।

**८. सभामा शेयरधनी हरुले राख्नु भएको जिज्ञासा तथा प्रश्नहरुको जवाफ :**

यसरी ३ जना वक्ताहरुले अध्यक्षज्यूको प्रतिवेदन उपर छलफलमा भाग लिनु भयो तथा वंहाहरुले आफ्ना सल्लाह, सुभाव तथा जिज्ञासा राख्नु भयो । यसरी वंहाहरुले राख्नु भएको जिज्ञासा उपर यस संस्थाका संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यूले छलफलमा सहभागीहरुले दिनु भएका सल्लाह सुभावहरुलाई मनन गर्दै संस्थालाई अगाडि वढाउने वताउनु भयो । यसका साथै वक्ताहरुले उठाउनु भएका जिज्ञासा उपर बुंदागत रुपमा जवाफ दिनु भयो ।

**९. सभाका निर्णयहरु :**

१) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्र प्राप्त कुनै एक वा एक भन्दा वढी उपयुक्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने ( Merger) वा प्राप्ती ( Acquisition) गर्ने, समभ्रदारी पत्र ( Memorendum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, संम्पत्ती तथा दायित्वको मुल्यांकन प्रतिवेदन ( Due Diligence Audit Report) तयार गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखापरिक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने एवंम प्राप्तीसंग संम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपनाउनु पर्ने तथा गर्नुपर्ने संम्पुर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृती लिने, अन्तिम स्वीकृती पश्चात सोको कार्यान्वयन गर्ने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे वमोजिंमका विवरणहरु उपलब्ध गराउने कार्य अगाडि वढाउन संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्ताव सभामा गरे वमोजिंम संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

२) गाभ्ने गाभिने वा प्राप्तीको निर्णय भई सकेपछि पछि हुन आउने चुक्ता पूंजीमा शत प्रतिशत (१:१) अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रस्ताव सभामा प्रस्तुत गर्दा सर्वसम्मत रुपमा पारीत गरियो । साथै यदि नेपाल राष्ट्र बैंकले निश्चित चुक्ता पूंजी पु-याउनको लागि निर्देशन जारी गरेमा सोहि अनुसार चुक्ता पूंजी वृद्धि गर्न वा सो भन्दा वढी दरले पूंजी वृद्धि गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सभा बाट गरियो ।

३) गाभ्ने गाभिने वा प्राप्तीको निर्णय भई सकेपछि पछि हुन आउने पूंजीको आधारमा वित्तीय संस्थाको अधिकृत, जारी तथा चुक्ता पूजी वृद्धि गर्ने संम्बन्धि प्रस्ताव निर्णयार्थ प्रस्तुत हुंदा सभाबाट यस संम्बन्धमा निर्णय लिन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

४) यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिवर्तन वा फेरबदल गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुरुप गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

५) विविध अन्तर्गत अन्य छलफलका लागि अन्य विषयहरु नभएकोले सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

## १०. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :

यस विशेष साधारण सभामा छलफलका लागि अन्य विषयहरु नभएकोले कम्पनी सचिवले सभा विसर्जनको लागि अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो । अध्यक्षज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, आमन्त्रित साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा स्वरोजगार लघुवित्त वित्तीय संस्थाको विशेष साधारण सभालाई सफल बनाउन सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिनु हुंदै सभा सम्पन्न भएको घोषणा गर्नु भयो ।

| | |
|---|---|
| श्री मनोज कृष्ण उप्रेती<br>कम्पनी सचिव | श्री जीनेन्द्र प्रसाद पाण्डे<br>अध्यक्ष |